प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

## आफ्नै सूचना

माघे संक्रान्ति पर्वको अवसरमा हाम्रा समस्त पाठक वर्ग , विज्ञापनदाता र शुभचिन्तकहरुमा हार्दिक शुभकामना व्यक्त गर्दै माघ १ गते माघे संक्रान्तिका दिन कार्यालय बन्द रही माघ २ गते पत्रिका प्रकाशन नहुने जानकारी गराउँदछौं– सम्पादक

वर्ष–१६ ।। अङ्क : ३२३ ।। २०८१ माघ ०१ गते मंगलबार (14th Jan 2025 Tuesday) **Pratidin** National Daily मूल्य–रु.५/–

### सांसदका छोराले गरे सहकारीको लाखौ रकम अपचलन

# तिराउन खोज्दा मगरले साधारण सभा विथोल्न खोजिन्



झापा(प्रस) । शनिश्चरे सेवाकेन्द्रका कर्मचारी रहेका छोरा अशेष थापा मगरले अपचलन गरेको लाखौ रकम स्वरोजगार भवानी बचत तथा ऋण सहकारी संस्थाले तिराउन खोज्दा प्रदेश सांसद कमला थापा मगरले साधारण सभा बिथोल्न खोजेकी छन् ।

बिर्तामोडको अग्रसेन भवनमा सोमवार आयोजित स्वरोजगार भवानी साकोसको १७ औं वार्षिक साधारण सभाको प्रमाणीकरण सभा र छैठौ निर्वाचन कार्यक्रमलाई नेकपा एमालेबाट कोशी प्रदेश सांसद बनेकी कमला थापा मगरले बिथोल्न खोजेकी हुन् । सहकारीका अध्यक्ष केशब बस्नेतले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दैगर्दा उनले कार्यक्रमस्थलमा होहल्ला गर्दै माइक खोस्ने प्रयास गरेकी थिइन् । उनले कार्यक्रम बिथोल्न खोज्दा कार्यक्रमका सहभागी र प्रहरीले रोकेका थिए । अमर्यादित काम गरेपछि कार्यक्रमका सहभागी र प्रहरीले अग्रसेन भवनबाट प्रदेश सांसद मगरलाई बाहिर निकालिदिएका छन् ।

प्रदेश सांसदका छोरा अशेष थापा मगर स्वरोजगार भवानी साकोसको शनिश्चरे सेवाकेन्द्रका प्रवन्धक रहेका थिए। त्यहाँ कार्यरत रहेका बेला उनले ६७ लाख ८० हजार रुपैयाँ अपचलन गरेको अध्यक्ष बस्नेतले बताए ।त्यस्तै उनले फर्जी ऋणी खडा गरी साढे १८ लाख रुपैयाँ हिनामिना गरेको बताइएको छ । सो हिनामिनाका बारेमा सहकारीले अशेषकी आमा प्रदेश सांसद कमला थापा मगरलाई जानकारी गराएको थियो । हिनामिना रकमका सम्बन्धमा प्रदेश सांसद मगरले बिर्तामोड ६ को स्यालडाँगीमा रहेको साढे १८ धुर जग्गा सहकारीलाई राजीनामा पास गरिदिएकी थिइन् । त्यसको मूल्यांकन ३७ लाख रुपैयाँ भएको बताइएको छ। बाँकी रकमको लागि अर्को जग्गा धितो राखेर कमलाका छोरा बुहारीले कागज गरिदिएका थिए । तमसुक गरेको रकममध्ये १२ लाख रुपैयाँ किस्ता किस्तामा उनीहरुले तिरिसकेको र बाँकी रकम तिर्नुपर्ने अवस्थामा सहकारीसंग प्रदेश सांसद मगरको विवाद शुरु भएको हो। आफ्नो जग्गा फिर्ता गर्नुपर्ने र बाँकी रकम नतिर्ने मगरले अडानले लिएपछि उत्पन्न विवाद कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीदेखि सभामुख देवराज घिमिरेसम्म पुगेको थियो । नेकपा एमाले जिल्ला कमिटी , मुख्यमन्त्री कार्की , पूर्व मुख्यमन्त्री शेरधन राई , सहकारी रजिष्ट्रार कार्यालय , सभामुख घिमिरेसमक्ष विवाद पुगेर छलफल हुँदासमेत विवाद मिल्न नसकेको बताइएको छ । पछिल्लो समय जिल्ला सहकारी संघका उपाध्यक्ष प्रेमकुमार कोइराला संयोजक तथा तुलाराम न्यौपाने , सिए श्रीप्रसाद निरौला , संजय ढकाल र गजेन्द्र पौडेल सदस्य रहेको छानबिन समिति बनेको थियो । सो समितिले छानबिन प्रतिवेदन तयार गरेको थियो । तर त्यसलाई प्रदेश सांसद मगरले कार्यान्वयन गर्न नमान्दा विवाद यथावत रहेको जिल्ला सहकारी संघका अध्यक्ष गणेश ढकालले बताए । सांसद मगरले सहकारी मन्त्रालयमा दिएको निवेदनका आधारमा प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय इनरुवा सुनसरीले सहकारी संस्थाको साधारण सभा रोक्न निर्देशन दिएको थियो । पुष २६ गते रजिष्ट्रार कार्यालयले पठाएको पत्रलाई लिएर उनले साधारण सभा बिथोल्न खोजेकी हुन् । तर उनी असफल बनिन् ।

सबै इकाइगत साधारण सभा सम्पन्न भइसकेर प्रमाणीकरण सभा रोक्न नमिल्ने भन्दै जिल्ला सहकारी संघका अध्यक्ष ढकालले प्रदेश रजिष्ट्रार कार्यालयले पत्र पठाउँदैमा सहकारी ऐन नियमावलीविपरित कार्यक्रम रोक्न नसकिएको बताए । उनले जिल्ला सहकारी संघको सल्लाहमा कार्यक्रम गरिएको बताउँदै रजिष्ट्रार कार्यालयलाई त्यसको जवाफ पठाउने जानकारी दिए । उनले प्रदेश सांसद मगरको अराजक शैलीप्रति घोर आपत्ति जनाए । त्यस्तै जिल्ला सहकारी संघका सचिव भवानीप्रसाद दंगालले मगरको गलत हर्कतप्रति खेद व्यक्त गर्दै सांसदले मर्यादाबाहिर गएर हर्कत देखाएको टिप्पणी गरे । त्यस्तै बिर्तामोड नगरपालिकाका पूर्व सहकारी अधिकृत डिल्ली दाहालले पनि अराजकता गर्न पाइदैन , साधारण सभा भाँड्न पाइदैन भनेर विरोध जनाएका थिए । यसैबीच प्रदेश सांसद मगरले सोमवार दिउँसो पत्रकार सम्मेलन गरी आफूलाई गलहत्याएर निकालेको भन्दै आफ्नो छोराले ७ लाख रुपैयाँ हिनामिना गरेको दावी गरेकी छन् ।

# माई मेलामा जथाभावी पार्किङ शुल्क लिनेलाई कार्वाही गरिने

झापा(प्रस)। माघे संक्रान्तिको अवसरमा लागेको कन्काई माई मेलामा जथाभावी पार्किङ शुल्क लिन नपाइने भएको छ ।
विगतका मेलाहरुमा मनपरी पार्किङ




शुल्क लिएको गुनासो आएपछि यस वर्ष कडाई गरिने भएको हो । कन्काई नगरपालिकाले तोकेको दररेटभन्दा बढी शुल्क लिनेहरुलाई तत्काल कार्वाही गरिने कन्काई धार्मिक माई मेला समितिका अध्यक्ष किरण मैनालीले बताए । उनले नगरपालिकाले तोकेको पार्किङ र भिटौरीको दररेटभन्दा बढी लिन नपाइनेगरी कडाई गरिएको जानकारी दिए ।
नगरपालिकाले साइकललाई २० , मोटरसाइकललाई ५० , कारजीपलाई १०० र बस ट्रकलाई २०० रुपैयाँ पार्किङ शुल्क तोकेको छ । त्यस्तै पसल थाप्ने साना व्यवसायीका लागि न्यूनतम भिटौरी शुल्क २० रुपैयाँ स्क्वायर फुट र स्पेशल भिटौरीका लागि ८० रुपैयाँ स्क्वायर फुट दररेट तोकिएको मैनालीले जानकारी दिए । कन्काई माईमा ७ दिने मेला लागेको हो । पुष २७ गते शनिवार उद्घाटन गरिएको मेला आइतवारदेखि औपचारिकरुपमा शुरु भएको हो । सो मेला माघ ३ गतेसम्म लाग्नेछ । कन्काई पुलपूर्व कोटीहोम क्षेत्रमा करिव ५० वटा व्यावसायिक स्टल निर्माण गरिएको छ । त्यस्तै मेलामा रोटेपिङ, ब्रेकडान्स , कोलम्बस, ड्रागन, लाइभ कर्न्सटजस्ता खेलतमासाहरु रहेको मैनालीले जानकारी दिए । त्यस्तै मकर स्नान गर्न आउने भक्तालुहरुका लागि धुनीको व्यवस्था गरिएको छ भने नदी वारिपारि गर्न दुईवटा बाँसे पुल निर्माण गरिएको मैनालीले जानकारी दिए । मेलामा निःशुल्क पानी, प्राथमिक उपचारलगायतको व्यवस्था गरिएको उनले जानकारी दिए । यस वर्षको मेलामा गत वर्षको भन्दा बढी सहभागिता रहने आयोजक समितिले अपेक्षा गरेको छ ।

# एआईको प्रयोगमा नेपाल दक्षिण एसियामै कमजोर : मन्त्री गुरुङ



झापा(प्रस) ।सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले एआईको प्रयोगमा नेपाल दक्षिण एसियामै कमजोर रहेको बताएका छन् । सोमबार प्रतिनिधि सभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै उनले एआईको प्रयोगमा नेपाल भुटानभन्दा पनि कमजोर रहेको बताएका हुन् ।

मन्त्री गुरुङले एआईलाई कसरी प्रयोग गर्ने भन्नेबारे नीति नै नरहेको भन्दै अहिलेको सरकारलेएआई सञ्चालनका लागि नीति बनाएको बताए । उनले पोलिसी र स्टाटेजी पास भएपछि एआईको प्रयोग बढ्ने बताए । उनले सुशासन कायम गर्नका लागि नागरिक एपको भूमिका महत्वपूर्ण रहेको भन्दै सञ्चार मन्त्रालयले नागरिक एप सञ्चालनको जिम्मेवारी लिएको बताए ।

उनले भने, 'नागरिक एप कार्यान्वयन गर्ने भनेर हामीलाई जिम्मा दिएको छ । नागरिक एप गाइड गर्ने कुनै ल नै भएन हामीसँग । सुशासनमा यत्ति महत्त्वपूर्ण भूमिका रहेछ त्यसको, त्यो चिज व्यवस्थापन गर्नुपर्नेछ । एआई र इ गभर्नेन्सको विषयसँग जोडिएको विषय छ । एआईलाई कसरी प्रयोग गर्ने भन्ने विषयको पनि पोलिसी केही छैन । पोलिसी बनाएका छौँ हामीले । पोलिसी र स्टाटेजी पास भएपछि त्यो पनि अघि बढाउने र आजको दिनमा हामी साउथ एसियामै सबैभन्दा पछाडि छौँ ।'

मन्त्री गुरुङले आम सञ्चार विधेयकमै अनलाइन सञ्चारमाध्यमलाई समेटेर व्यवस्थित गर्नेगरी विधेयक ल्याइने बताए ।

# साधुटारमा महायातको शुभारम्भ



झापा(प्रस) । झापाको शंकराचार्य पीठ साधुटारमा सोमवारदेखि अभिषेकात्मक अतिरुद्र महायाग सुरु भएको छ।
पूर्वमै पहिलोपटक यति ठूलो अनुष्ठान सुरु भएको शंकराचार्य पीठ साधुटारले जानकारी दिएको छ। भारतको दिल्लीस्थित केन्द्रीय संस्कृति विश्वविद्यालयका प्राध्यापक डाक्टर काशीनाथ न्यौपानेले अतिरुद्री महायागको शुभारम्भ गरेका हुन् । शंकराचार्य पीठका अध्यक्ष लक्ष्मीप्रसाद खतिवडाको सभापतित्वमा आयोजित अनुष्ठान शुभारम्भ गर्दै प्रमुख अतिथि डाक्टर न्यौपानेले यज्ञ अनुष्ठानको महत्वबारे प्रकाश पारेका थिए ।
१५१ आचार्यहरूको अगुवाईमा ११ दिनसम्म सञ्चालन हुने अतिरुद्र महायागमा डा. गुरुप्रसाद सुवेदी प्रमुख यज्ञचार्य रहेका छन् ।
यसैगरी भारत बनारसका हाकिमप्रसाद भण्डारी तथा विद्यालयका पूर्व प्राचार्य डिल्लीराम रिजाल सहयाज्ञाचार्य रहेको जानकारी दिइएको छ ।
नेपाल र भारतका विद्वान विदूषी साधुसन्तको उपस्थिति रहने उक्त अनुष्ठानको उद्घाटन सत्रमा विवेकाश्रम चारपानेका अध्यक्ष आचार्य किशोर कुमार गौतम साङ्गवेद माविका अध्यक्ष छन्दुराम भण्डारी, पीठका संरक्षक केदारनाथ खतिवडा, अर्जुनधारा वडा नम्बर १ का अध्यक्ष उपेन्द्र बस्नेतलगायतले शुभकामना मन्तव्य राखेका थिए ।
दुर्लभ अनुष्ठानका रूपमा मानिँदै आएको अतिरुद्र महायाग शुभारम्भअघि कन्काई नदीबाट साधुटारसम्म कलश शोभायात्रा आयोजना गरिएको शंकराचार्य पीठका वरिष्ठ उपाध्यक्ष शान्तिराम नेपालले जानकारी दिएका छन् । कलश शोभायात्रामा सामाजिक तथा धार्मिक संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए ।
शंकराचार्यपीठ साधुटारको ४९ औँ स्थापना दिवसको सन्दर्भसमेत रहेको यज्ञ उद्घाटनअघि ४९ वटा दीप प्रज्वलन गरिएको छ। शंकराचार्य पीठमा हाल वेदवेदाङ्ग पाठशाला सञ्चालनमा रहेको छ। गौशाला र मठमन्दिरसमेत रहेको सातवटा झापाकै प्रमुख धार्मिक गन्तव्य स्थल पनि हो।

# भाक्का दिवसमा तीन पालिकामा बिदा


झापा(प्रस)। राष्ट्रिय भाक्का दिवसको अवसरमा झापाका तीन पालिकाले सोमवार सार्वजनिक विदा दिएका छन् । आदिवासी राजवंशी समुदायको बाहुल्यता रहेको झापा क्षेत्र नम्बर ३ अन्तरगतका भद्रपुर नगरपालिका, हल्दिबारी गाउँपालिका र कचनकवल गाउँपालिकाले स्थानीय विदा दिएका हुन् । राजवंशी समुदायले आफ्नो जातीय परिकार भाक्कालाई प्रवर्द्धन गर्न हरेक वर्ष पुष २९ गते दिवसको रुपमा मनाउँदै आएका छन् । राजवंशी समाज विकास समिति झापाले आइतवार भद्रपुरमा भाक्का पीठ उत्सव विविध कार्यक्रम गरी मनाएको छ । राजवंशी समाज विकास केन्द्रीय समितिले सोमवार बिर्तामोडस्थित डोमालाल राजवंशी रङ्गशालामा आठौँ राष्ट्रिय भाक्का दिवस मनाएको छ । कोशी प्रदेश सरकारका खानेपानी , सिंचाई तथा ऊर्जामन्त्री एकराज कार्कीले दिवसको उद्घाटन गरेका थिए । दिवसको महत्वका बारेमा राजवंशी समाज विकास समितिका केन्द्रीय अध्यक्ष अभय राजवंशीले प्रकाश पारेका थिए । यस




वर्ष दमक नगरपालिकाले पहिलो पटक कार्यक्रम गरेको छ । दमक नगरपालिकाले स्थायी ठेगाना दमक भई दमक नगरभित्र भाक्काको व्यवसाय गरेर आयआर्जन गरिरहेका भाक्का व्यवसायीहरुलाई प्रोत्साहन गरेको छ । आदिवासीहरूको भान्साबाट लोप हुँदै गइरहेको मौलिक खाजाको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले जिल्लाका विभिन्न स्थानमा भाक्का दिवस मनाउँदै आइरहेको छ ।

**प्राणघातक स्तन क्यान्सरबाट बचौं**
**स्तन क्यान्सरका लक्षणहरू**

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं




**झापा गाउँपालिकाको कार्यालय**
टाँघनडुब्बा, झापा

# ५६ जिल्लामा भूमि आयोग गठन

झापा(प्रस)।सरकारले ५६ जिल्लामा भूमि आयोग गठन गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सातै प्रदेशका ती जिल्लाहरुमा अध्यक्ष नियुक्त गर्दै आयोग गठन गरेका हुन् । आयोगका नियुक्त जिल्ला अध्यक्षको आजै शपथ गराउने तयारी गरिएको छ ।

यसरी नियुक्त भएकामध्ये कोशी प्रदेशका १०, मधेशका ६, बाग्मतीका ८, गण्डकीका ५, लुम्बिनीका १२, कर्णालीका ८ र सुदूरपश्चिम प्रदेशका ७ जिल्ला रहेका छन् । बाँकी २१ जिल्लाका अध्यक्षहरु भने नियुक्त हुनै बाँकी छ । कोशीको तेह्रथुम, धनकुटा र सुनसरी, मधेसको सिरहा र रौतहट, बाग्मतीको दोलखा, धादिङ, चितवन र मकवानपुर, गण्डकीको गोरखा, कास्की, पर्वत, स्याङ्जा, म्याग्दी र बागलुङ, कर्णालीको जुम्ला र कालीकोट तथा सुदूरपश्चिमको बझाङ र कञ्चनपुर जिल्लाका अध्यक्षको नियुीक्त बाँकी छ । सत्तारुढहरु दलहरुबीच कांग्रेसले ३५, एमालेले ३५ र जनता समाजवादी पार्टीले ४ र लोकतान्त्रिक समाजवादी पार्टीले ३ जिल्लाको अध्यक्ष सिफारिस गर्नेगरी सहमति भएको थियो । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी र गृहमन्त्री रमेश लेखकले गृह मन्त्रालयमा बसेर भागबन्डा टुंग्याएका थिए ।

नियुक्त भएका जिल्ला अध्यक्षहरुमा काठमाडौंमा कागेश्वरी मनोहराका कृष्णजी खड्का, भक्तपुरमा सूर्यविनायकका दीपक विसुङ्के, ललितपुरमा गोदावरीका गणेश कुमार आचार्य, रुपन्देहीमा वुटवल १२ का कुमार थापामगर छन् । यी जिल्ला सुकुम्बासी समस्या भएका प्रमुख जिल्ला मानिन्छन् । चितवन, मकवानपुर लगायत जिल्लामा पनि यस्तो समस्या धेरै छ, यद्यपि ती जिल्लामा आयोग गठन हुन बाँकी छ ।

# कमल रेडक्रसमा नयाँ कार्यसमिति चयन

दमक(प्रस) । नेपाल रेडक्रस सोसाईटी कमल उपशाखाको नयाँ कार्यसमिति चयन भएको छ । सभापतिसहित कोषाध्यक्ष, उपसचिव, उपकोषाध्यक्ष र महिला सदस्यमा निर्विरोध भएपनि उपसभापतिसहित सचिव र चार सदस्य पदमा भने सोमबार निर्वाचन भएको थियो । उपसभापतिमा नरमाया तामाङ १६० मत प्राप्त गरि विजयी भइन् भने उनका प्रतिद्वन्द्वी चन्द्रकला भण्डारीले ११८ मत ल्याएकी थिइन् ।

सचिवमा पारषमणि राईले १३९ मत ल्याएर विजयी भए । उनका प्रतिद्वन्द्वी किरण चाम्लिङले १२९ मत ल्याएका थिए । पराजित भण्डारी रेडक्रस उपशाखाकी निवर्तमान उपाध्यक्ष हुन् भने पुनः सचिवमा निर्वाचित पारषमणिले १० मतान्तरले जित हासिल गरेका हुन् ।
यसैगरी, चार सदस्यहरुमा सवैभन्दा सर्वाधिक १७२ मत ल्याएर रविन कार्की विजयी भए । यस्तै , एकराज प्याकुरेल (१६७ ) , केशव तिम्सिना ( १६१) ,दिलकुमारी गुरुङले १४८ मत ल्याएर विजयी भएको रेडक्रस झापाका उपमन्त्री समेत रहेका निर्वाचन अधिकारी प्रकाशचन्द्र खरेलले बताए ।४१३ मतदाता रहेको उपशाखाको निर्वाचनमा २८२ मत खसेको थियो ।
११ सदस्यीय कार्यसमितिमा सभापतिमा चौथो कार्यकालका लाग पुनः चन्द्र साह, उपसचिवमा विष्णु सुब्बा आङदेम्बे, कोषाध्यक्षमा प्रमोदकुमार दाहाल ,उपकोषाध्यक्षमा सन्तोष राई र महिला सदस्यमा बिमला भट्टराई निर्विरोध चुनिएका थिए । निर्विरोध निर्वाचित सवै निवर्तमान समितिको सोही जिम्मेवारीमा रहेका थिए ।

यसैगरि, पराजित हुने सदस्यमा सृजना निरौला (११५), विष्णु बगाले (१४५),सिताराम बाँस्तोला (९३ ) रहेको निर्वाचन समितिले जनाएको छ । उपशाखाको निर्वाचनमा प्रदेश सभा सदस्य बन्दना झाँगड, कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईलगायतले मतदान गरेका थिए ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः श्री पर्शुराम गुरुङको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री हरिमाया खनालले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९०० ८००८ | ११ | २७९. ३५ | २०८१/ ०८ /२३ | २०८१/ ०८ /२३ | २०८१/ ०९/२० |

माघ २...

अर्को मुख्य उद्देश्य रहेको आयोजक ले जनाएको छ । माघ २ गते बिहान १० बजे कलश सहितको शोभा यात्रा पछि दिउसो २ बजे कार्यक्रमको भव्य उद्धाटन हुनेछ । प्रत्येक दिनको साँझमा सन्ध्या आरती, महात्म्य कथा, ज्ञानमन्च, भजन कीर्तन हुने छ । सापकोटा बन्धुहरुबिच एकता र भाइचारा प्रवर्धन गर्नका लागि विभिन्न सामाजिक गतिविधिहरू पनि कार्यक्रममा आयोजना गरिनेछन् । आयोजकले सबै सापकोटा बन्धु, गोत्रीय बन्धु, चेलीबेटी , ज्वाइँ भिनाजु, भान्जा भान्जी, कुलकुटुम्ब र बन्धु बान्धवलाई यस पवित्र कार्यक्रममा सहभागी हुन आग्रह गरेको छ ।




## बिमालेख हरायो

भद्रपुर निवासी प्रताप राईको नाममा रहेको एल.आई.सि. को ६००००२५९९ नम्बरको पोलिसी पेपर चन्द्रगढी जाने क्रममा २०८१/०७/०५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

**सम्पर्क : प्रताप राई**
**ठेगाना: भद्रपुर-९, झापा**
**मो: ९७०७६१२७७१/सहारा नेपाल नं.९८०१९२०४०५**




## तपसिलमा उल्लेखित ऋणीको धितो रहेकोचल/ अचल सम्पत्ति लिलाम बिक्री गर्ने (पैतिस) ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**प्रकाशित मितिः २०८१/१०/०१**

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो३५दिने सूचना प्रकाशित गरिएको छ ।

यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **३५ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **३६ औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट कर्जा अलउपर हुन नसके ऋणी एवम् व्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालो सूचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको कर्जा रकम ऋणी तथा कर्जा लिंदाका बखत व्यक्तिगत जमानी दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ। साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

### तपसिल

| क.सं | ऋणीको नाम थर तथातिनपूस्ते बिवरण<br>शखा तछकार्यालयः **काकरभिट्टा** | कर्जा शिर्षक | धितो सूरक्षणको विवरण |
|---|---|---|---|
| १ | ऋणीः कम्पनी ऐन, २०२१ बमोजिम श्री ५ को सरकार, उद्योग वा वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाण्डौं मा मिति २०५३/०६/२४ मा प्रा.लि.न. ५६२५/०५३/०५४ अन्तरगत दर्ता भई, झापा जिल्ला मेचीनगर न.पा.वडा नं. १०, स्थित श्री अरुणोदय माध्यमिक विद्यालय प्राईभेट लिमिटेडका तर्फबाट ऐ. का अख्तियार प्राप्त संचालक बर्ष ४२ को श्री भगिरथ राई । | व्यवसायिक आबाधिक कर्जा<br>व्यावसायिक चालु पूजीकर्जा र<br>डिमाण्ड कर्जाहरु | श्री अरुणोदय माध्यमिक विद्यालय प्राईभेट लिमिटडको नाममा मालपोत कार्यालय भद्रपूर झापामा दर्ता कायम रहेको झापा जिल्ला साबिकः नकलबन्दा गा.वि.स. वडा नं. ०८, हाल मेचीनगर **न.पा.**वडा नं. ०६ स्थित कि.नं.**१२६०** को क्षेत्रफल ०-२-१४.५ **(वि.क.धू.)**,**१२६१** को क्षेत्रफल **०-०-५.५ (वि.क.धू.)**,**१२२१** को क्षेत्रफल **०-३-० (वि.क.धु.)**, **कि.नं. १२२२** को क्षेत्रफल **०-१-२ (वि.क.धु.)** र कि.नं. **१६६३** को क्षेत्रफल **०-०-८ (वि.क.धु.)** जग्गा, सो जग्गामा निर्मित पक्की घरहरु र सो घरजग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत । |

**संचालक तथा व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपूस्ते बिवरण**

| | | |
|---|---|---|
| नाम : भगिरथ राई<br>बाबू : निर्मल राई<br>बाजे : शेर बहादूर राई<br>ना.प्र.प.नं: ६४३८९४९९(झापा)<br>ठेगाना: झापा जिल्ला मेचीनगर न.पा. वडा नं. १०, स्थायी ठेगाना भै हाल झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ६, बस्ने । | नाम : दूर्गा बहादूर लुईटेल<br>बाबू : पुर्ण बहादूर लुईटेल<br>बाजे : र०I बहादूर लुईटेल<br>ना.प्र.प.नं:२७७१४६१६ (झापा)<br>ठेगाना : झापा जिल्ला मेचीनगर न.पा. वडा नं.६, स्थायी ठेगााना भै हाल सोही स्थानमा बस्ने । | नाम : रीता थापा<br>बाबू : भरत ध्वज थापा<br>पति : दूर्गा बहादूर लुईटेल<br>ना.प्र.प.नं:६४३८६३२९ (झापा)<br>ठेगाना झापा जिल्ला मेचीनगर न.पा. वडा नं. १०, स्थायी ठेगाना भै हाल झापा जिल्ला मेचीनगर न.पा. वडा नं. ६, बस्ने । |

**शर्तहरुः-**

१) बोलपत्र फारम यस बैंकको कूनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फाटोकपी गरिएको फारम मान्य हुने छैन ।

२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।

३) बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पनेछ ।

४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५) बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक(Good for Payment Cheque)अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।

७) बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बूझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

८) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।

९) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

१०) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

११) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धराटी फिर्ता दिन सकिन्ेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# माघे संक्रान्ति साझा पर्व

माघ १ गते नेपालका अधिकांश जाति समुदायको साझा पर्वहरुको संगम हो । विशेष गरि हिन्दू, बुद्धमार्गी र किराँत समुदायको साझा पर्वको दिन हो माघ १ अर्थात माघे संक्रान्ति ।

हिन्दू समुदायले माघे सक्रान्ति अर्थात मकर संक्रान्तिका रुपमा रुपमा मनाउने यो दिनलाई मगर समुदायले माघे सकराती भनेर मनाउने गरेका छन् । त्यस्तै थारु समुदायले माघी र खिचरा पर्वका रुपमा मनाउने यो दिनलाई राई समुदायले येले थेचे र सुनुवार समुदायले सामी पिदार पर्वका रुपमा मनाउँछन् ।

नेपालका अधिकांश समुदायको साझा चाड रहेकाले माघे संक्रान्तिका दिन सरकारले सार्वजनिक विदा दिएको छ । समुदाय विशेषमा यो पर्व मनाउने तरिका भने फरक छ । तर सबैले आपसमा भेटघाट, रमाइलो र आफ्ना परम्परागत परिकारहरुका साथमा यो पर्व मनाउछन् ।

थारु समुदायले माघे संक्रान्तिलाई 'माघी' भन्छन् भने यो थारु समुदायका लागि महत्वपूर्ण चाड हो । माघी पर्व मेचीदेखि महाकालीसम्मका थारु समुदायले विशेष उल्लासका साथ मनाउँछन् । मध्य र सुदूरपश्चिमका थारु समुदायको बस्तीमा माघी उत्सव विशेष खालको हुने गर्छ ।

माघ १ गते थारु समुदायको नयाँ वर्ष सुरु हुन्छ । थारु समुदायमा 'माघी पर्वमा पुरानो वर्षको समिक्षा र आगामी वर्षको लागि नयाँ योजना बनाउने काम गरिन्छ,' दाङ क्षेत्रनम्बर एकबाट निर्वाचित प्रतिनिधिसभा सदस्य मेटमणी चौधरी भन्छन्, 'मान्यजनहरूसँग आशिर्वाद लिने, आफूभन्दा सानालाई आशिष दिने र सम्बन्धहरू नविकरण गर्ने दिन हो ।'

माघे संक्रान्तिसँगै सोमबारबाट किराँत नयाँ वर्ष पनि सुरु भएको छ । पूर्वमा ताप्लेजुङसँगै पाँचथर, तेह्रथुम, इलाम, धनकुटा र संखुवासभामा बसोवास गर्ने लिम्बू समुदायले सोमबार धुमधामका साथ किराँत नयाँ वर्ष मनाइरहेका छन् ।

माघे संक्रान्ती पर्वलाई स्थान विषेशअनुसार मनाउने चलन छ । पहाडी भूभागमा बस्ने ब्राम्हण समुदायले बिहानै नुवाई धुवाई गरेर खिचडी खाने गर्छन् । घ्यु, मासको दाल र चामल मिसाएर खिचडी बनाएर खाने चलन छ ।

घ्यु र चाकु पनि खाने चलन छ । पहाडी क्षेत्रमा विषेश त सखरखण्ड, तरुल र पिँडालु उसिनेर खाने चलन छ । कतिपयले घरमा मासको फुरौला पनि बनाउँछन् । दिउँसोको खाजाको रुपमा सेलरोटी पकाएर खाने चलन पनि छ ।


Pratidin National Daily

प्रतिदिन



तपाई जहाँ भएपनि

प्रतिदिन दैनिक तपाईंसँगै

• लीलाराज दाहाल

ताजा र विश्वसनीय खबरको लागि

लगइन गर्नुहोस

www.pratidindaily.com


# संकटमा आन्तरिक रोजगारी



• सुमन पन्थ

विगतमा हामीले लगानीको रकम भएन भनियो तर अहिले बैङ्कमा छ खर्बभन्दा धेरै लगानीयोग्य रकम थुप्रिएको छ । यसको परिचालन गर्न सक्दा पनि स्वदेशमै हजारौँ रोजगारी सिर्जना हुन सक्छ । आन्तरिक उत्पादनको झन्झटभन्दा व्यापार सजिलो भन्ने निजी क्षेत्रलाई राज्यले विश्वास जित्नुपर्ने आजको खाँचो हो ।

स्वदेशमा आन्तरिक रोजगारीको पहिचान गर्न नसक्दा दैनिक दुई हजारभन्दा बढी युवा वैदेशिक रोजगारीमा गइरहेका छन् । उच्चशिक्षा हासिल गरेका युवा युरोपदेखि अमेरिकासम्म गएका छन् । उच्च शिक्षा हासिल गर्न नसकेका युवाको गन्तव्य खाडी र मलेसिया बनेको छ । उच्च शिक्षाका नाममा अर्बौं रुपियाँ बाहिरिएको छ । श्रम गर्न गएका युवाले मासिक एक खर्ब रुपियाँभन्दा बढी रकम पठाइरहेका छन् । रेमिट्यान्सबाट प्राप्त रकमको सदुपयोग हुन सकेको छैन । यसरी आएको रकम पनि खाद्यान्न र वस्तु तथा सेवामै खर्च भइरहेको छ । पुँजी निर्माणमा परिचालन हुन सकेको छैन । दैनिक तीन अर्बभन्दा बढीको रेमिट्यान्स आउँदा एक अर्बको कृषिजन्य वस्तु मात्र आयात भएको छ । अर्को तर्फ हाम्रा खेतीयोग्य जमिन बाँझिने क्रम बढेको छ ।

सङ्घीय कृषि मन्त्रालयकै प्रतिवेदनले १० लाखभन्दा बढी खेतीयोग्य जमिन उपयोगमा आउन नसकेको देखाएको छ । खेतीयोग्य जमिन खण्डीकरण हुने र घडेरीमा परिणत हुने क्रम रोकिएको छैन । यसले ग्रामीण तहमा कृषिबाट हुने आन्तरिक रोजगारीको अवसरमा समेत सङ्कुचन आइरहेको छ । हाम्रा आवधिक योजनाले र यथार्थमा पनि कृषिबाटै औद्योगिकीकरणमा जाने लक्ष्य बिरोलिएको जस्तो देखिन्छ । कृषिमा पर्याप्त सम्भावना भए पनि कृषि क्षेत्रमै काम गर्न नेपाली छिमेकी देश भारत मात्र होइन ४० वर्षअघि नेपालभन्दा पछाडी रहेको दक्षिण कोरिया काम गर्न पुगेका छन् । पछिल्ला १५ वर्षमा एक लाखभन्दा धेरै युवा कृषि र साना उद्योगमा काम गर्न कोरिया गइरहेका छन् । त्यति मात्र होइन पछिल्ला समयमा क्रोयसियादेखि पोर्चुगल र बेलायतसम्म कृषिमै काम गर्न जानेको लर्को नै छ । अर्को तर्फ स्वदेशमा चलेका कृषिजन्य उद्योगले भारतदेखि अस्ट्रेलियासम्मबाट खाद्यान्न आयात गर्नुपर्ने बाध्यता छ ।

नेपालमा उत्पादन भएको तरकारी तथा फलफूल खाडीका देशमा लैजाने पर्याप्त सम्भावना भए पनि त्यसमा हामीले अझै काम गर्न सकिरहेका छैनौँ । हिमालको काखमा उत्पादन भएका कृषि उपजको माग विश्वभर रहे पनि त्यसको लाभ अहिले पनि लिन नसक्नु हाम्रो कमजोरी देखिन्छ । विश्व बजारमा नेपाली रैथाने वस्तुको यति धेरै माग हुँदा पनि हामीले त्यो अवसर गुमाउँदै गएका छौँ । सन् २०२६ बाट नेपाल अल्पविकसित मुलुकबाट स्तरउन्नति हुँदै छ । त्यसपछि अहिले पाइरहेका सुविधा गुम्ने जोखिम रहेको छ । हामीले त्यसपछिका रणनीति लिनु ढिला भइसकेको छ ।

आन्तरिक उत्पादन अभिवृद्धि नगर्दासम्म आन्तरिक रोजगारी सङ्कुचित हुने नै छ । आन्तरिक उत्पादन बढाउनु र हाम्रा उत्पादनलाई विश्वबजारमा पुऱ्याउन ढिला भइसकेको छ । स्वदेशका उद्योगका लागि कच्चा पदार्थ पुऱ्याउनु पनि हामीलाई चुनौती बनेको छ । वार्षिक अर्बौं रुपियाँको धान, गहुँ र मकैको आयात गर्नु परेको छ । पोल्टी र कृषि उद्योगका दिगोपनाका लागि पनि उत्पादन बढाउनु अपरिहार्य छ । नेपालमा कृषिसँग सम्बन्ध विकास साझेदार संस्था गहुँ, मकै जस्ता खेतीको उत्पादन वृद्धिमा लागे पनि त्यो पर्याप्त देखिएको छैन । बाँझा र बन्जर रहेका जग्गामा वास्तविक किसानलाई वा सहकारीलाई उत्पादनको मूल्य शृङ्खलामा जोड्न सके मात्रै बजेट आकारको व्यापार घाटा मथ्थर पार्न सकिने छ । आन्तरिक रोजगारीको खडेरी केही मथ्थर हुने देखिन्छ ।

**युवालाई सिपको खाँचो**


नेपाल सरकारका बजेट तथा नीति तथा कार्यक्रममा बेरोजगार युवालाई सिप दिलाउने घोषणा भएका छन् । संघीय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सातै प्रदेशमा सिप विकासको कार्यक्रम सञ्चालन गर्ने पनि बताएको छ तर अहिलेसम्म त्यस्ता घोषणाले मूर्तरूप लिन सकेको छैन । निर्माण क्षेत्रदेखि उद्योगसम्मका विदेशी श्रमिकको भर पर्नु परेको छ । सिकर्मी, डकर्मीदेखि स्काफोल्डिङसम्मका तालिम लक्षित वर्गसम्म पुग्न सकेको छैन । सिप विकास तालिम केन्द्रबाट भएका तालिममा युवा टिकाउनसमेत मुस्किल भइरहेको सरकारी प्रतिवेदनले समेत देखाएका छन् । रोजगारदाताले आन्तरिक रोजगारी अभिवृद्धिका लागि हाम्रो पाठ्यक्रम नै परिवर्तन गर्नुपर्नेमा जोड दिएका छन् ।

स्थानीय सरकारले समेत युवालाई यहाँको सम्भावनाका विषयमा नागरिकलाई सचेत बनाएको पाइँदैन । स्थानीयस्तरमै रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले खोलेका औद्योगिक ग्रामहरूको प्रगति पनि दयनीय जस्तै छ । वाणिज्य मन्त्रालयका अनुसार घोषणा भएका र बजेटसम्म विनियोजना भएका १३० वटा औद्योगिक ग्राममध्ये एक दर्जन पनि सञ्चालनमा आउन सकेका छैनन् । रोजगारी र आन्तरिक रोजगारीको स्थापना तीनै तहका सरकारको मुख्य प्राथमिकता हुन पर्नेमा त्यसमा सोही अनुसारको रणनीति लिन कतै हामी चुकेका त छैनौँ ?

त्यति मात्र होइन नेपाल सरकारले घोषणा गरेका औद्योगिक क्षेत्रको काम पनि सोचे जस्तो हुन सकेको छैन । कञ्चनपुरको दैजीछेला, बाँकेको नौबस्ता, रुपन्देहीको मोतीपुर, चितवनको शक्तिखोर र मकवानपुरको मयुरधापमा छिटोभन्दा छिटो औद्योगिक क्षेत्रका कम गर्न सकेमा आन्तरिक रोजगारी थप अवसर सिर्जना हुन सक्छ । बर्सौंदेखि काम हुन नसक्नुले आन्तरिक रोजगारीको बजार सङ्कुचित हुन पुगेको छ । नेपालीको श्रम गन्तव्य बनिरहेका दक्षिण कोरिया जस्ता देशले आफ्नै उत्पादन र औद्योगीकरण गरेरै विकासको सूचीमा उदाहरण बनेका छन् ।

अहिलेको विश्व परिवेशमा स्वदेशमा सामान्य औद्योगिक वस्तुको उत्पादन हुन नसक्नु र दक्ष जनशक्ति पनि विकास गर्न नसक्नु जतिको गरिबी के हुन सक्ला ? विगतमा हामीले लगानीको रकम भएन भनियो तर अहिले बैङ्कमा छ खर्बभन्दा धेरै लगानीयोग्य रकम थुप्रिएको छ । यसको परिचालन गर्न सक्दा पनि स्वदेशमै हजारौँ रोजगारी सिर्जना हुन सक्छ । आन्तरिक उत्पादनको झन्झटभन्दा व्यापार सजिलो भन्ने निजी क्षेत्रलाई राज्यले विश्वास जित्नुपर्ने आजको खाँचो रहेको छ । यसका लागि राष्ट्रिय उत्पादन र रोजगारी सिर्जनाको महाअभियान नै सञ्चालन गर्न ढिला गर्नुहुन्न ।

# खाद्य अधिकार रक्षाका चुनौती



• भानु पराजुली

कृषि ऐन नेपालको कृषि क्षेत्रका लागि एक सकारात्मक कदम हो तर यसको प्रभावकारिता सफल कार्यान्वयनमा निर्भर गर्छ । विधेयकका अंश कृषकको सशक्तीकरण र समृद्धिका लागि महत्वपूर्ण छन् । जलवायु परिवर्तनको असर र बजार व्यवस्थापनका समस्या सम्बोधन गर्न अझ प्रभावकारी र समग्र दृष्टिकोण आवश्यक छ । उसरी त कृषकको उत्पादनको समर्थन मूल्य मात्र होइन, बजारको सुनिश्चितता खोजेका छन् ।

नेपालमा कृषि क्षेत्रलाई समाज र अर्थतन्त्रको आधारशिला मान्ने गरिन्छ । घट्दै गए पनि अझै ६५ प्रतिशत जनसङ्ख्या कृषिमा निर्भर छ र कुल उत्पादनको ३० प्रतिशत कृषि क्षेत्रबाट आउँछ । तथापि, नेपालको कृषि क्षेत्र इतिहासकै कठिन र चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । उत्पादनमा कमी, बजार व्यवस्थापनको अभाव, सिँचाइको समस्या, र जलवायु परिवर्तनका प्रभावले गर्दा कृषकको आयमा निकै गिरावट आएको छ । यसका अलावा, कृषकको वित्तीय पहुँच पनि निकै कमजोर रहेको छ । यस्तो अवस्थामा, विगत केही वर्षदेखि चर्चामा रहेको नेपालको कृषि क्षेत्रलाई सुधार्न सरकारले कृषि विधेयक २०८१ ल्याउने योजना बनाएको छ । कृषि विधेयक नेपालको कृषि क्षेत्रको संरचना र कार्यप्रणालीलाई नयाँ दृष्टिकोणबाट हेर्न र सुधार गर्न प्रस्ताव गरिएको ठानिएको छ । यस विधेयकको उद्देश्य कृषि क्षेत्रको व्यावसायीककरण, उत्पादनको वृद्धि र कृषकको आर्थिक स्थिति सुधार्नु पनि हो । तथापि, कृषि विधेयकको कार्यान्वयन गर्दा विभिन्न पक्षको विश्लेषण गरेर यसको प्रभावकारिता र वास्तविकता मूल्याङ्कन गर्नु अत्यावश्यक छ ।

कृषि क्षेत्रका समस्या र चुनौती

नेपालका कृषि क्षेत्रमा विभिन्न समस्या र चुनौतीको भण्डार छ । एउटा प्रमुख समस्या भनेको जमिनको अभाव र असमान वितरण हो । नेपालको लगभग ५१ प्रतिशत कृषकसँग ०.५ हेक्टरभन्दा कम जमिन छ । साना कृषकका लागि जमिनको अभाव र विभाजनले गर्दा उनीहरूको उत्पादन क्षमता निकै कम भएको छ । यसका कारण, कृषकको जीवनस्तर निकै खस्केको अवस्थामा छ । यो समस्या अझै गहिरो हुन्छ जब हामी सिँचाइको अभाव र जलवायु परिवर्तनको असरको कुरा गर्छौं । नेपालमा केवल २० प्रतिशत कृषियोग्य जमिन मात्र सिञ्चित छ, जसले कृषकलाई बाली चक्र र उत्पादनको विविधीकरण गर्न समस्या ल्याएको छ । यसबाहेक, कृषिक्षेत्र जलवायु परिवर्तनका प्रभावसँग जुझ्दै छ, भने फलस्वरूप उत्पादनमा दुई प्रतिशतका दरले वार्षिक गिरावट ल्याएको छ । यसले खाद्य सुरक्षा र कृषकको आर्थिक अवस्था थप जटिल बनाएको छ ।

कृषि बजार व्यवस्थापनको अभाव अर्को ठुलो र निरन्तर समस्याका रूपमा सधैँ रहने विषय हो । विश्व खाद्य सङ्गठनको सन् २०२१ को प्रतिवेदन अनुसार नेपालमा हरेक वर्ष २५ प्रतिशत कृषि उत्पादन उचित बजार व्यवस्थापनका अभावले खेर जान्छ भने कृषकको उत्पादनको बजारमा बिचौलियाको रबैया छ, कृषकले सही मूल्य पाउँदैनन्, आफ्नो उत्पादनको ३० देखि ४० प्रतिशत मात्र प्राप्त गर्छन् । यसका कारण, कृषकको आयमा गिरावट आएको छ र उनीहरूको जीवनयापनको स्तर अवरुद्ध भएको छ । जसका कारण स्वास्थ्य र शिक्षा जस्ता आधारभूत क्षेत्रमा परिवारलाई समस्या पर्ने गर्छ । त्यस्तै, कृषि ऋणको पहुँच पनि सीमित रहेको छ । सहुलियत ऋणको सुविधा धेरै कृषकले प्राप्त गर्न सक्दैनन् । नेपालमा कृषि बिमा पनि सीमित मात्रामा उपलब्ध छ, जसले कृषकलाई जलवायु परिवर्तन र अन्य जोखिमबाट सुरक्षित गर्ने सम्भावना कम गर्छ । नेपाल कृषि अनुसन्धान परिषद्का अनुसार सन् २०२३ मा नेपालले ४० प्रतिशत मल भारतबाट आयात गरेको छ, जसमा ३० प्रतिशत मल समयमा कृषकसम्म पुग्न सकेन ।

अर्कातर्फ विधेयकले भूमिहीन र साना तथा सीमान्त कृषकको समस्या समाधान गर्न पर्याप्त ध्यान दिएको छैन भन्ने चिन्ता छ । कृषि अभियन्ता तथा विज्ञहरूले कृषि व्यवसायको व्यावसायीकरण र निजीकरणले गर्दा परम्परागत कृषि र रैथाने बालीको संरक्षण, खाद्य सुरक्षा र कृषकको सम्प्रभुताका अधिकारलाई सङ्कटमा पार्ने डर देखिन्छ भन्ने गरेका पनि छन् । नेपालमा ७० प्रतिशत बढी कृषक साना तथा सीमान्त छन्, जसले आफ्नो जीवनयापनका लागि खेतीबारीमा निर्भर छन् । यी कृषकको समस्या समाधान गर्न विधेयकले पर्याप्त ध्यान दिएको छैन । खास गरी, व्यावसायिक कृषि र निजीकरणले गर्दा साना कृषकको अधिकार र सम्प्रभुतामा असर पर्ने सम्भावना छ । यी कृषकलाई वित्तीय सहुलियत, अनुदान र अन्य सेवा सुविधाको पहुँच सुनिश्चित गर्न विशेष योजना आवश्यक छ । सहुलियत, अनुदान र अन्य सेवाका कुरा गर्दा भूमिहीन र अवव्यवस्थित बसोबास गर्ने परिवारको कथा फेरि अन्यत्रै मोडिन्छ, भूमि अधिकार, भूमि सुधार अन्तर्गतका जसको जोत उसैको पोत, न्यूनतम समर्थन मूल्य, किसानको पहिचान र वर्गीकरण, राष्ट्रिय खाद्य परिषद्, संविधान र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन दिएका अधिकारका समेत कुष्ठित हुने त हैनन् भन्ने डर छ । त्यसैले कृषि ऐन पास गर्न अलि व्यवस्थित रूपमा लाभान्वित वर्ग, सरोकार निकायको पर्याप्त छलफल तथा सहभागितामा मसौदा बन्नुपर्ने हो, सायद त्यो स्तरको समावेशी प्रक्रिया अवलम्बन भयो भएन कृषि मन्त्रालयले ध्यान दिनु पर्छ ।

विधेयकले जलवायु परिवर्तनका प्रभावलाई सम्बोधन गर्ने उपाय समेत समावेश भएको छैन । जलवायु परिवर्तनका कारण नेपालको कृषि उत्पादनमा ठुलो गिरावट आएको छ, जसले खाद्य सुरक्षा सङ्कटलाई थप गम्भीर बनाएको छ । विधेयकमा जलवायु प्रतिरोधी कृषिको प्रवर्धनका लागि विशेष उपायको कमी देखिन्छ । जलवायु अनुकूलन र प्रवर्धनका लागि कृषकको क्षमता निर्माण गर्ने काम पनि पर्याप्त छैन । यस्तै समस्याका कारण कृषि क्षेत्रमा युवा पलायन भइरहेको छ । प्रत्येक वर्ष लगभग तीन लाख युवा कृषि क्षेत्र छोडेर विदेश पलायन भइरहेको छ । यसले कृषिमा युवाको सक्रियता घटाइरहेको छ र पुराना पुस्ताका कृषक नै कृषि कार्यमा समावेश छन्, जसबाट जनसाङ्ख्यिक लाभांश लिने कार्यमा कृषि क्षेत्र समेत वञ्चित हुँदै गएको र यो क्षेत्रको विकास स्थिर प्रायः छ ।

कृषि विधेयक : समीक्षा र कार्यान्वयनको सम्भावना

प्रस्तावित कृषि विधेयक २०८१ लाई सरसर्ती हेर्दा कृषकको जीवनस्तर सुधार्न र कृषि उत्पादन बढाउन ल्याइएको मह□वपूर्ण कदम मान्न सकिन्छ । यसमा प्रमुख लक्ष्य कृषि व्यवसायको व्यावसायीकरण, कृषकको संरक्षण र प्रोत्साहन देखिए पनि जलवायु परिवर्तनको प्रभावबाट जोगाउन स्पष्ट रूपमा नीति र जलवायु उत्थान शीलताका प्रयास गरिने विषयमा कमी देखिन्छ । विधेयकको केही अंशमा कृषकको वर्गीकरण र परिचयपत्र, सामूहिक खेती र चक्लाबन्दी, कृषि ऋण प्रवाह, न्यूनतम समर्थन मूल्य जस्ता पक्ष रहेका छन् यसले कृषकलाई वित्तीय सशक्तीकरण र बजारमा पहुँच सुनिश्चित गर्ने योजना त बनाएको छ तर नियमावली बनेर त्यसको कार्यान्वयन पक्ष र कार्यान्वयन गर्ने संयन्त्रको प्रभावकारी सञ्चालन र जवाफदेहिता यतिबेलाको गम्भीर विषय हो ।

अलि बढी कृषि व्यवसायको संरक्षण र प्रोत्साहनका लागि कृषकलाई कर र अनुदानका माध्यमबाट प्रोत्साहित गर्ने व्यवस्था गरिएको पाइन्छ । कृषकलाई परिचयपत्र वितरण गरेर उनीहरूको पहिचान कायम राख्ने र उनीहरूलाई अनुदान र सेवाको पहुँच सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । सामूहिक खेतीको प्रवर्धन र चक्लाबन्दीमा सहुलियत दिने योजनाले साना कृषकको सञ्जाललाई जोड्ने र उनीहरूको उत्पादन क्षमता बढाउने उद्देश्य राखे पनि लक्षित योजनाको सफल कार्यान्वयनमा विगतको चाला देखेर पत्यार मान्न सकिने ठाउँ छैन । किनभने भूमि व्यवस्थासँग जोडिएको नेपालको कृषि र अर्थतन्त्र ल्यान्डपुलिङ र खेतीयोग्य जमिनको नास गरी घरघडेरी र जग्गा कारोबारसँग जोडिँदा र राज्य भूमि करबाट राजस्वको ऱ्याल काडिरहँदा यो पुँजीवादी व्यवस्थाका बिचौलियाको पन्जाबाट उम्कन सक्ने अवस्था देखिँदैन । त्यस्तै, कृषि ऋण प्रवाह र न्यूनतम समर्थन मूल्य जस्ता उपायले कृषकको आय सुनिश्चित गर्न मह□वपूर्ण भूमिका खेल्न सक्छन् । कृषिमा आधारित सहकारी र वित्तीय संस्थामा देखिएका घोटाला र यी संस्थाको सुशासनमा समस्या देखिरहँदा योजनाको प्रभावकारिता शङ्का नगरिरहन सकिँदैन । नेपालको धेरै ग्रामीण क्षेत्रमा पर्याप्त वित्तीय स्रोत र इन्फ्रास्ट्रक्चरको अभावले गर्दा कार्यान्वयनमा चुनौती आउन सक्छ ।

कृषि विधेयक २०८१ ले जलवायु परिवर्तनका प्रभावलाई सम्बोधन गर्ने उपायको समावेश गरेको छैन । जलवायु परिवर्तनका कारण नेपालको कृषि उत्पादनमा ठुलो गिरावट आएको छ, जसले खाद्य सुरक्षा सङ्कटलाई थप गम्भीर बनाएको छ । विधेयकमा जलवायु प्रतिरोधी कृषिको प्रवर्धनका लागि विशेष उपायको कमी देखिन्छ । यसबाहेक, जलवायु परिवर्तनको अनुकूलन र प्रवर्धनका लागि कृषकको क्षमता निर्माण गर्ने काम पनि पर्याप्त छैन । नेपालको कृषि क्षेत्रलाई जलवायु परिवर्तनको प्रभावबाट जोगाउनका लागि बायोडायवर्सिटी, इकोलोजिकल संरचना र जल स्रोतको दीर्घकालीन संरक्षणमा बढी ध्यान दिनुपर्ने आवश्यकता छ । यसका लागि कृषकलाई जलवायु अनुकूल कृषि विधिमा प्रशिक्षित गर्न, सिँचाइ प्रणालीको सुधार गर्न र रिन्युएबल ऊर्जा स्रोतहरूको प्रयोगलाई बढावा दिनु पर्छ ।

अन्त्यमा कृषि ऐन नेपालको कृषि क्षेत्रका लागि एक सकारात्मक कदम हो तर यसको प्रभावकारिता सफल कार्यान्वयनमा निर्भर गर्छ । विधेयकका अंश कृषकको सशक्तीकरण र समृद्धिका लागि मह□वपूर्ण छन् तर जलवायु परिवर्तनको असर र बजार व्यवस्थापनका समस्या सम्बोधन गर्न अझ प्रभावकारी र समग्र दृष्टिकोण आवश्यक छ । उसरी त कृषकको उत्पादनको समर्थन मूल्य मात्र होइन, बजारको सुनिश्चितता खोजेका छन् । दुध, गोलभैँडा, र अन्य कतिपय तरकारी तथा पेरिसेवल खाद्य वस्तु सडकमा फाल्न नपर्ने सुनिश्चितता कृषकले खोजेका छन् । त्यसैले कृषकको वास्तविक अवस्था र क्षेत्रीय चुनौतीलाई ध्यानमा राख्दै विधेयकलाई कार्यान्वयन गर्दा यसले नेपालको कृषि क्षेत्रलाई सशक्त बनाउन र खाद्य सुरक्षा सुनिश्चित गर्न मद्दत गर्ने नै छ भन्ने आशा लिऔँ ।

# सहुलियत पसल फागुनसम्म सञ्चालन हुने

झापा(प्रस) । सरकारले चाडपर्वलक्षित गरी सञ्चालनमा ल्याएका सहुलियत पसल फागुनसम्म निरन्तर हुने भएको छ । सुरुवाती चरणमा माघ मसान्तसम्म सञ्चालन गरिने भनिएता पनि एक महिना लम्बिने भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीकी प्रवक्ता अम्बिका पौडेलले जानकारी दिइन् ।

साथै कम्पनीले असार मसान्तसम्म चिनी सहुलियत मूल्यमा बिक्री गर्ने उनको भनाइ छ । सहुलियत पसलहरूबाट सबै प्रकारका चामल, चिनी, चिउरा, दाल तथा गेडागुडी, तेल घ्यू, रैथाने उत्पादन, जुम्ली मार्सी, कागुनो, चिनो, तिते फापर, उवा विशेष छुटमा बिक्री गरिरहेको छ । उक्त खाद्यान्नहरूमा प्रतिकिलो ५ रुपैयाँदेखि १० रुपैयाँसम्म छुटको व्यवस्था रहेको छ। कम्पनीले स्टिम जिरा मसिनो, बासमती, आरुवा सोना, आरुवा मोटा, कालानुनीया, ब्राउन, साँवा स्टिम आरुवा रञ्जित, फोर्टीफाइड, लङ्गेन यी सबै प्रकारका चामलमा प्रतिकिलो ५ रुपैयाँ छुट दिएको छ । यस्तै कर्णालीको रैथाने उत्पादन जुम्ली मार्सी, कागुनो, चिनो, कर्णालीको सिमी, उवा, तितेफापरमा प्रतिकिलो ७ रुपैयाँ छुट दिइएको छ । चना, रहर, मसिनो मुसुरो, क्वाँटी, ठुलो मुसुरो मासको दाल र रहरको दालमा प्रतिकिलो ५ रुपैयाँ, गहुँको पिठो, चिउरा, गहुँ र चिनीमा ५ रुपैयाँ छुट छ । त्यसैगरी भटमास, तोरी र सनफ्लावर तेलमा प्रतिलिटर ७ रुपैयाँ, डीडीसी घ्यूमा प्रतिलिटर १० रुपैयाँ छुट दिइएको छ ।

## माघ २ देखि सापकोटा बन्धुको पुराण माईधारमा

झापा(प्रस) । सापकोटा बन्धुहरूको पुराण माघ २ गतेदेखि सुरु हुने भएको छ ।

सापकोटा कल्याण केन्द्र कोशी प्रदेशको आयोजना र झापाको संयोजनमा श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ आयोजना हुने भएको हो । शिवसताक्षी नगरपालिका वडा नम्बर १० को माइधारस्थित केन्द्रको आफ्नै भवन कौडिन्य आश्रममा माघ २ देखि ९ गतेसम्म श्रीमद् भागवत महापुराण आयोजना हुने केन्द्रका कोशी प्रदेश अध्यक्ष प्रजापति सापकोटाले बताए ।

कौडिन्य गोत्रीय सापकोटा परिवारका पितृहरूको उद्धार, कुल मन्दिर निर्माण, सभाहल निर्माण, वंशावली निर्माण, अक्षय कोष स्थापनाका लागि पुराणको आयोजना गरिएको हो । पुराणबाट ५० लाख आम्दामी हुन सक्ने आयोजक समितिले बताएको छ । पूर्वका लोकप्रिय प्रखर युवा पण्डित योगेश बराहाक्षेत्रको मुखारविन्दबाट संगीतमय कथा प्रवचन हुनेछ भने पण्डित गणेश सापकोटाको मुखारविन्दबाट दैनिक पाठपारायण एउटा हुनेछ ।

सापकोटा परिवारका सदस्यहरूले उक्त कार्यक्रममा विभिन्न धार्मिक र सांस्कृतिक क्रियाकलापहरू प्रदर्शन गर्नेछन् । धार्मिक विचार, ऋतीरिवाज र परम्पराहरूलाई जीवित राख्न श्रीमद्भागवत महापुराणको

❖ बाँकी अन्तिम पृष्ठमा

## बीएन्डसी मेडिकल कलेजमा एमबीबीएसको पढाइ सुरु



झापा(प्रस) । जिल्लामा चिकित्सा शास्त्रको स्नातक तह (एमबीबीएस)को पठनपाठन सुरू भएपछि झापावासीले खुशी व्यक्त गरेका छन् । विर्तामोडको बिएन्डसी मेडिकल कलेजले यही पुष २६ गतेदेखि साविकको मेची अञ्चलमै पहिलोपल्ट ५० जना विद्यार्थीलाई एमबीबीएस तहमा पढाउन सुरू गरेको हो ।

काठमाडौं विश्वविद्यालयको सम्बन्धन र राष्ट्रिय चिकित्सा शिक्षा आयोगको स्वीकृति बमोजिम कलेजले 'बेसिक साइन्स' अध्यापनका लागि मेचीनगर-१२ धाइजनमा अलग्गै सुविधासम्पन्न भौतिक पूर्वाधार स्थापना गरेको छ । विर्तामोड-५ मा क्लिनिकल अध्यापनका निम्ति मेडिकल कलेज विगत १० वर्षदेखि सञ्चालनमा रहेको छ ।

# स्वास्थ्य मन्त्रालयद्वार बिरामी प्रेषण निर्देशिका जारी



झापा(प्रस) । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आकस्मिक तथा भर्ना भएका बिरामी रेफर गर्दा पहिलो स्वास्थ्य संस्थालाई जिम्मेवार बनाउने गरी बिरामी प्रेषण निर्देशिका जारी गरेको छ । अब अर्कोमा भर्ना नभएसम्मको अवस्थामा समन्वयको कार्य पहिलो पल्ट बिरामी पुगेको अस्पतालको जिम्मेवारी रहनेछ ।

विभिन्न किसिमका बिरामीको रिफरका लागि मापदण्ड भए पनि समग्र अस्पतालको रेफरल प्रणालीलाई समेट्ने गरी मन्त्रालयले एकीकृत निर्देशिका जारी गरेको प्रवक्ता प्रकाश बुढाथोकीले बताए । स्वास्थ्य मन्त्री प्रदीप पौडेलले गत साउन २७ गते आफ्नो योजना तथा प्राथमिकता सार्वजनिक गर्दा कुनै पनि स्वास्थ्य केन्द्रको आकस्मिक कक्षमा बिना कुनै सोधखोज अनिवार्य जीवन रक्षाको उपचार तत्काल सुरु गर्नुपर्ने र सम्भव नभएका उपचार निकटतम केन्द्रमा सेवाको सुनिश्चितता गरी सुरक्षित रेफरको दायित्व सम्बन्धित केन्द्रको हुने व्यवस्था मिलाउने घोषणा गरेका थिए । सोही बुँदालाई आधार मानेर निर्देशिका जारी भएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

मन्त्री पौडेलले बिरामीको जीवनरक्षा र अस्पतालहरुमा चाप व्यवस्थापन यसको उद्देश्य रहेको बताएका छन् । ''एकातिर बिरामी कतै गए पछि बिनाकुनै ढिलाइ उपचार पाउनुपर्ने सुनिश्चित गर्न खोजेका हौं, उनले भने, ''अर्कोतिर अस्पतालहरुमा चापको व्यवस्थापनसमेत गर्ने लक्ष्य छ ।''

निर्देशिकाले आकस्मिक तथा भर्ना भएका बिरामीको उपचार सम्भव नभएमा अर्को अस्पतालमा नपुर्याउँदासम्मको जिम्मेवारी प्रथम अस्पतालको हुने निश्चित गरेको छ । जसअनुसार प्रथम बिन्दुको अस्पतालले त्यहाँ सम्भव नभएको उपचारका लागि मात्र नजिकको अस्पतालमा रेफर गर्नुपर्नेछ । यसैगरी, प्रथम बिन्दुको स्वास्थ्य संस्थाले बिरामीलाई रेफर गर्नुपूर्व सम्बन्धित अस्पतालमा सम्पर्क गरेर त्यहाँ उपचार, शय्या तथा आवश्यक सेवा भए नभएको सुनिश्चित गर्दै समन्वय गर्नुपर्नेछ ।

# रोङमा अभिभावक शिक्षा 'डिजिटल' माध्यमबाट




झापा(प्रस) ।इलामको रोङ गाउँपालिकाले अभिभावक शिक्षा प्रभावकारी बनाउन मोबाइल एप( डिजिटल) प्रर्णाली सुरु गरिएको छ। गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकलाई विद्यालयप्रति रुचि बढाउनका लागि मासिक रुपमा अभिभावक पढाउँदै आएको गाउँपालिकाले अभिभावक शिक्षालाई थप प्रभावकारी बनाउनका लागि मोबाइल एप( डिजिटल) प्रणाली सुरु गरिएको हो ।

पालिकाको शिक्षा तथा युवा खेलकुद शाखाले बाल स्याहार, घरबाटै शिक्षा दिन र बालबालिकाको स्वास्थ्य सुधारका लागि मोबाइल एप निर्माण गरी अभिभावकको सबै विवरण एपबाटै अद्यावधिक गर्न सुरु गरेको शिक्षा तथा युवा खेलकुद शाखा प्रमुख श्रुति तामाङले जानकारी दिए । प्रयास प्रारम्भको प्राविधिक सहयोगमा अभिभावकको सबै विवरण राख्ने गरी निर्माण गरिएको मोबाइल एप नेपालमै फरक र पहिलो अभिभावक शिक्षा सम्बन्धी एप भएको प्रयास प्रारम्भका विज्ञ लोकप्रिय खनालले जानकारी दिए । अभिभावक शिक्षामा सहजकर्ताको समेत काम गरी रहेका खनालले रोङमा मात्र नभई देशका अन्य पालिकालाई समेत काम लाग्ने गरी एप निर्माण गरिएको जानकारी दिए । 'प्रविधिको प्रयोगले शिक्षकको समय बचत गर्न र त्यो समय उहाँहरुले विद्यालयका अन्य काममा खर्चन सक्नुहुन्छ,' खनालले भने ।

अभिभावक उपस्थिति र मूल्याङ्कनको मापन गर्ने गरी तयार गरिएको मोबाइल एप शिक्षा शाखा, सहजकर्ता शिक्षक र विद्यालयले प्रयोग गर्ने गरी निर्माण गरिएको छ ।

उक्त एपमा विद्यार्थी नियमित भए-नभएको, अभिभावकले विद्यार्थीको पढाइबारे विद्यालयमा चासो राखे/नराखेको सबै जानकारी थाहा पाउन सकिन्छ । गाउँपालिकाले एक वर्षअघि देखि कार्यविधि नै बनाएर सामुदायिक विद्यालयका विद्यार्थीका अभिभावकलाई महिनामा एक पटक विद्यालयमा भेला पारेर अभिभावक शिक्षा दिँदै आएको छ ।

गाउँपालिकाले महिनामा एक दिन अभिभावक अनिवार्य विद्यालयमा आएर अभिभावक शिक्षा लिनुपर्ने र त्यो दिन विद्यार्थीले घरमा बसेर अभिभावकको काम गर्नुपर्ने बाध्यकारी कानुन नै निर्माण गरेको छ ।

हालसम्म गाउँपालिकाका ३० वटा सामुदायिक विद्यालयमा अध्ययनरत दुई हजार तीन सय विद्यार्थीका अभिभावकमध्ये एक हजार तीन सय बढीलाई अभिभावक शिक्षा दिइएको गाउँपालिका अध्यक्ष मनिकुमार स्याङ्बोले जानकारी दिए । उनले अभिभावक दर्ता, हाजिरी, अभिभावकको शैक्षिक मूल्याङ्कन, हाजिरी प्रतिवेदन, मूल्याङ्कन प्रतिवेदन र अभिभावक परिचय पत्रसमेत एपबाटै अध्ययन गर्न सकिने भएकाले पछिल्लो समय सामुदायिक विद्यालयप्रति अभिभावकको रुचि बढ्न थालेको जानकारी दिए ।

# कोशी प्रदेशमा घट्यो बाली कृषि क्षेत्रफल




झापा(प्रस) । बढ्दो बसाँइसराई र कृषि भूमिमा घर तथा आवास निर्माण गर्ने क्रममा वृद्धि भएपछि कोशी प्रदेशमा कृषि बालीले ढाकेको क्षेत्रफल घटेको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० को तुलनामा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल एक दशमलव ५५ प्रतिशतले घटेको उल्लेख छ । आर्थिक वर्ष २०८०/८१ मा नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५ दशमलव ८४ प्रतिशत हुने केन्द्रीय तथ्याङ्क कार्यालयको अनुमान छ । गत आर्थिक वर्षमा यस प्रदेशको हिस्सा १५ दशमलव ८८ प्रतिशत थियो । सो प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको ३२ दशमलव ८० प्रतिशत, उद्योग क्षेत्रको १६ दशमलव ३२ प्रतिशत र सेवा क्षेत्रको ५० दशमलव ८८ प्रतिशत योगदान रहने अनुमान छ ।कृषि भूमि घट्न जाँदा धान, मकै, कोदो, आलु, भटमास, सुन्तला, बेसारलगायत बालीले ढाकेको क्षेत्रफल घटेकाले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल कम भएको हो । कोशी प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफल ८७ दशमलव ९२ प्रतिशत, तरकारी बालीको पाँच दशमलव ११ प्रतिशत र अन्य बालीले ढाकेको क्षेत्रफल छ दशमलव ९७ प्रतिशत छ । कृषि उपजले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ, र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ७१ दशमलव ६४ प्रतिशत छ । आव २०८०/८१ मा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन एक दशमलव १३ प्रतिशतले वृद्धि भएको छ । विशेष गरी खाद्य बाली अन्तर्गत धान सात दशमलव ४५ प्रतिशत तथा कोदो शुन्य दशमलव ८६ प्रतिशतले वृद्धि भएकाले समग्र कृषि बालीको उत्पादन वृद्धि भएको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तुलनामा तरकारीको उत्पादन एक दशमलव ९८ प्रतिशत, चियाको उत्पादन शुन्य दशमलव शुन्य एक प्रतिशत, कफीको उत्पादन एक दशमलव २३ प्रतिशत तथा महको उत्पादन शुन्य दशमलव २८ प्रतिशतले बढेको छ भने फलफूलको उत्पादन शुन्य दशमलव ९४ प्रतिशत र मसलाको उत्पादन आठ दशमलव शुन्य तीन प्रतिशतले घटेको छ ।

आव २०८०/८१ मा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ३७ दशमलव तीन प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३६ दशमलव ७४ प्रतिशत रहेको थियो ।

कोशी प्रदेशमा कुल सिञ्चित क्षेत्रफल एक दशमलव ५२ प्रतिशतले विस्तार भएको छ । त्यसैगरी दुध उत्पादन १९ दशमलव ९३ प्रतिशत, मासु उत्पादन दुई दशमलव ३० प्रतिशत तथा माछा उत्पादन एक दशमलव २१ प्रतिशतले वृद्धि भएको छ । अण्डा उत्पादन एक दशमलव ७३ प्रतिशत तथा ऊनको उत्पादन छ दशमलव ४३ प्रतिशतले घटेको छ ।

यसैगरी, काठको उत्पादन १५ दशमलव २९ प्रतिशतले वृद्धि भएको छ । २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा दुई दशमलव १० प्रतिशतले घटेर रु ५९ अर्ब ९० करोड ७४ लाख ४१ हजार पुगेको छ । गत असार मसान्तसम्म कुल प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश १० दशमलव १२ प्रतिशत रहेको छ । यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ५२ दशमलव सात प्रतिशत रहेको छ । आव २०७९र८० मा उक्त उद्योगको औसत क्षमता उपयोग ५१ दशमलव एक प्रतिशत रहेको थियो ।

उत्पादित वस्तु अनुसार समीक्षा वर्षमा टायर तथा ट्यूब उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ९१ दशमलव तीन प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम चार दशमलव चार प्रतिशत रहेको छ । अध्ययनमा समेटिएका उद्योगको उत्पादनमध्ये गार्मेन्ट उत्पादन सबैभन्दा बढी छ भने घरेलु धातुका सामानको उत्पादन ४५ दशमलव सात प्रतिशतले घटेको छ ।

सो प्रदेशका ४३ वटा उद्योगमा आव २०७९/८० मा १८ हजार चार सय ६१ जना श्रमिक कार्यरत रहेकामा समीक्षा आर्थिक वर्षमा ती उद्योगमा जम्मा १६ हजार नौ सय ५८ जना श्रमिक कार्यरत छन् जुन गत वर्षको सोही अवधिको तुलनामा आठ दशमलव एक प्रतिशतले कम हो । सुनसरी, मोरङ, इलाम, झापा र उदयपुरमा रहेका उद्योगमा श्रमिकले रोजगारी गुमाएका छन् । कुल औद्योगिक रोजगारीमध्ये ८३ दशमलव दुई प्रतिशत स्वदेशी र १६ दशमलव आठ प्रतिशत विदेशी कामदारहरूले रोजगारी प्राप्त गरेका थिए । समीक्षा वर्षमा कुल औद्योगिक रोजगारीमा स्वदेशी र विदेशी कामदारको सहभागिता क्रमशः ९१ प्रतिशत र नौ प्रतिशत छ ।

केन्द्रीय बैंकका अनुसार, २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा कुल औद्योगिक कर्जा आठ दशमलव ११ प्रतिशतले वृद्धि भइ रु एक खर्ब ३९ अर्ब कायम भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा छ दशमलव ६४ प्रतिशतले वृद्धि भएको थियो । सो प्रदेशमा वाणिज्य बैंकका सात सय ५४, विकास बैंकका एक सय ९५, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका आठ सय ५२ गरी जम्मा एक हजार आठ सय ३७ शाखा पुगेका छन् ।

त्यसैगरी २०८० असार मसान्तको तुलनामा २०८१ असार मसान्तमा सो प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन १३ दशमलव ३८ प्रतिशतले वृद्धि भई रु चार खर्ब ७७ अर्ब र प्रवाह गरेको कर्जा तीन दशमलव ८१ प्रतिशतले वृद्धि भई रु पाँच खर्ब ७८ अर्ब पुगेको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । राजनैतिक कार्यमा बाधा

**वृष** बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।सम्पत्ति हराउने र साँझमा खर्च

**मिथुन** आज जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

**कर्कट** रमणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ ।

**सिंह** आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन्

**कन्या** गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता

**कुम्भ** आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मिन** दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला ।